# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/११/१७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------------

बझाङ जिल्ला रिलु गाउँ विकास समिति वडा नं ३ स्थित श्री हिमालय माध्यमिक विद्यालयको महिला राहत कोटामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षक रमेश बहादुर बोहरा समेतको मिलेमतोमा उमाकुमारी थापाको शैक्षिक प्रमाण-पत्रका आधारमा राहत कोटा प्राप्त गरी निज उमा कुमारीको किर्ते हाजिरी दस्तखत गरी रमेशकुमार बोहोरालाई लामो समयसम्म तलबभत्ता भुक्तानी गराएकोले कारबाही गरिपाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हिमालय माध्यमिक विद्यालय, बझाङका शिक्षक रमेशबहादुर बोहराले प्राथमिक तहको राहत शिक्षकको ओहोदामा पाउने र सो ओहोदामा वहाल रहने र लाभ सुविधा पाउने उद्देश्यले आफ्नो शैक्षिक योग्यताको नाम, थर र ठेगाना उल्लेख नगरी उमाकुमारी थापाको शैक्षिक योग्यता नाम, थर र ठेगानाको विवरण पेश गरी गराई प्राथमिक राहत शिक्षक पदमा नियुक्ति भई शिक्षकको ओहोदा प्राप्त गरी तलबभत्ता समेत प्राप्त गरेको माथि विवेचित आधार र प्रमाणहरुबाट पुष्टी हुन आई निज शिक्षक रमेशबहादुर बोहराले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिमको कसूर गरेको देखिन आएको हुंदा निज रमेश बहादुर बोहरालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमिजिम सजाय हुन मागदाबि लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

साथै हिमालय माध्यमिक विद्यालय, बझाङका विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष धनबहादुर बोहरा, तत्कालिन प्रधानाध्यापक धनबहादुर बोहोरा र हालका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गजेन्द्र बोहोरा र हालका प्रधानाध्यपक प्रेम बहादुर बोहराले रमेश बहादुर बोहरालाई शिक्षक पदमा नियुक्ति गरी गराई लाभ सुविधा दिने दिलाउने कार्यमा मतियारको भूमिका निर्बाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजहरु; धनबहादुर बोहोरा, धनबहादुर बोहोरा, गजेन्द्र बोहोरा र प्रेम बहादुर बोहरालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिम सजाय हुन मागदाबि लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता